# अर्थमन्त्रीसँग भारतका राजदूतको शिष्टाचार भेट

अर्थमन्त्री श्री रामेश्वरप्रसाद खनालसँग नेपालका लागि भारतका राजदूत महामहिम श्री नवीन श्रीवास्तवले आज मिति २०८२ माघ २७ गते मंगलबार शिष्टाचार भेट गर्नुभयो।

राजदूतसँगको भेटमा अर्थमन्त्री खनालले महामहिमको हालैको स्वास्थ्य अवस्थाबारे जानकारी लिदैं सुस्वास्थ्यको कामना गर्नुभयो। साथै उहाँले द्विपक्षीय आर्थिक सहयोग, विकास साझेदारी तथा आपसी हितका विविध विषयमा विचार आदान—प्रदान गर्नुभएको थियो। अर्थमन्त्रीले नेपाल सरकार र नेपाली जनताका तर्फबाट भारत सरकारद्वारा निरन्तर रूपमा प्रदान हुँदै आएको सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो। हालै सुरक्षा निकाय र निर्वाचन आयोगका लागि सहयोगस्वरूप उपलब्ध गराइएका सवारीसाधनप्रति पनि कृतज्ञता व्यक्त गर्दै यसले लोकतान्त्रिक प्रक्रियालाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुग्ने उल्लेख गर्नुभयो।

उक्त भेटको अवसरमा भारतीय राजदूतले भारत सरकारको सहयोगमा नेपालमा सञ्चालित आयोजना तथा कार्यक्रमहरूको प्रगतिबारे चर्चा गर्दै ती आयोजना तथा कार्यक्रमहरूको निरन्तरता र समयमै कार्यसम्पादन सुनिश्चित गर्न द्विपक्षीय सहयोग र समन्वयलाई थप सुदृढ बनाउनु पर्नेमा जोड दिनुभयो।

भेटका क्रममा अर्थमन्त्री खनालले भारतीय सहयोगमा सञ्चालित विकास आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा तीव्रता दिन सरकारका तर्फबाट आवश्यक सहजीकरण र समन्वयका लागि प्रतिबद्धता व्यक्त गर्दै नेपाल—भारतबीचको समन्वयलाई अझ सुदृढ बनाउने विषयमा जोड दिनुभयो।

मिति २०८२ माघ २७ मंगलबार